# वित्तीय साक्षरता तालिम पुस्तिका
# Financial Literacy Training Manual




**नेपाल राष्ट्र बैंक**

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा

२०८१

# विषय सूची


| | | | | |
|---|---|---|---|---|
| १. | परिचय | | | १ |
| | १.१ | उद्देश्य | | २ |
| | १.२ | क्षेत्र र सीमा | | २ |
| २. | तालिम पुस्तिकाको प्रयोग | | | ३ |
| ३. | तालिम कार्यक्रमको रूपरेखा | | | ४ |
| | ३.१ | लक्षित समूह | | ४ |
| | ३.२ | तालिमको स्तर र विषयवस्तु | | ४ |
| | ३.३ | तालिम कार्यक्रमको न्यूनतम मापदण्ड | | ५ |
| | | ३.३.१ | वित्तीय साक्षरता कार्यक्रम | ६ |
| | | ३.३.२ | डिजिटल वित्तीय साक्षरता कार्यक्रम | ८ |
| ४. | तालिम कार्यक्रमको तालिका निर्माण | | | १० |
| ५. | अनुसूची १: लक्षित वर्ग अनुरूप सञ्चालन गरिने वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्न सकिने तहगत विषयवस्तु | | | ११ |
| ६. | अनुसूची २: लक्षित वर्ग अनुरूप सञ्चालन गरिने वित्तीय साक्षरता कार्यक्रममा समावेश विषयवस्तुले सहभागिमा विकास गर्नुपर्ने ज्ञान, सीप, मनोवृत्ति र व्यवहार परिवर्तनको सामान्य खाका | | | १३ |

# १. परिचय

वित्तीय चेतना अभिवृद्धि गरी वित्तीय प्रणालीप्रतिको विश्वास कायम गर्न विभिन्न माध्यमबाट आम सर्वसाधारणमा वित्तीय चेतनाको स्तर वृद्धि गर्ने प्रयास यस बैंकको स्थापनाकालदेखि नै हुँदै आएको छ । वित्तीय प्रणालीमा नेपाली जनताको पहुँच बढाउनुका साथै वित्तीय मूल प्रवाहबाट वञ्चित नेपालीलाई वित्तीय प्रणालीमा समावेश गर्न सघाउ पुऱ्याउने विश्वास लिई वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिंदै आएको सन्दर्भमा समृद्ध नेपालका लागि वित्तीय रूपमा सचेत र सक्षम नागरिक भन्ने दूरदृष्टिका साथ यस बैंकबाट वित्तीय साक्षरता रूपरेखा, २०२२ (Financial Literacy Framework, 2022) समेत जारी गरि सकिएको छ ।

**Financial Literacy Framework, 2022**

**Vision**

Financially aware and capable citizens for prosperous Nepal

**Mission**

Assist people make rational financial decisions and access appropriate financial products and services.

**Goal**

To enhance knowledge of using formal channels for making financial transactions and converting these skills into behavioral change.

यस रूपरेखाले लक्षित समूहमा वित्तीय ज्ञान र सीपको विकास गरी उनीहरूको मनोवृत्ति र व्यवहार परिवर्तनमा जोड दिएको छ । साथै, लक्षित समूहका व्यक्तिहरूले आफूलाई उपयुक्त वित्तीय सेवा तथा उपकरणहरूका सम्बन्धमा जानकारी प्राप्त गरी सही वित्तीय निर्णय लिन मद्दत गर्ने विश्वास गरिएको छ ।

वित्तीय साक्षरता रूपरेखा, २०२२ ले औंल्याएका विषयवस्तुलाई प्राथमिकतामा राखी यस बैंकबाट सञ्चालन गरिने वित्तीय साक्षरता तालिम कार्यक्रमहरूमा एकरूपता कायम गर्न र प्रभावकारीता अभिवृद्धि गर्ने हेतुले नेपाल राष्ट्र बैंक, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाद्वारा यो तालिम पुस्तिका तयार गरिएको छ ।

यस पुस्तिकामा वित्तीय साक्षरतासम्बन्धी तालिम कार्यक्रममा समावेश गर्नुपर्ने विषयवस्तु साथै वित्तीय साक्षरता कार्यक्रमको आधारभूत खाका समावेश गरिएको छ ।

## १.१ उद्देश्य

१. यस बैंकद्वारा जारी वित्तीय साक्षरता रूपरेखा, २०२२ मा उल्लिखित लक्षित समूहलाई प्रदान गर्ने वित्तीय साक्षरता/डिजिटल वित्तीय साक्षरतासम्बन्धी तालिम, अनुशिक्षण, प्रशिक्षण, अन्तरक्रिया, गोष्ठी सञ्चालन गर्दा प्रशिक्षक वा वार्ताकार वा सहजकर्ताले समावेश गर्नुपर्ने न्यूनतम विषयवस्तु, कार्यक्रमको सत्र विभाजन, वित्तीय साक्षरता कार्यक्रममा गर्ने प्रस्तुतीको आधारभूत खाका लगायतका विषयमा मार्गदर्शन प्रदान गरी यस्ता क्रियाकलापको न्यूनतम मापदण्ड तय गर्नु ।

२. लक्षित वर्ग अनुरूप सञ्चालन गरिने तालिमबाट सहभागीहरूमा वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकासका साथै व्यवहारमा परिवर्तन ल्याउनु ।

३. यस बैंकद्वारा सञ्चालन हुने प्रशिक्षण कार्यक्रम तथा यस बैंकबाट सूचीकृत वित्तीय साक्षरता प्रशिक्षकलगायत अन्य संस्थाले सञ्चालन गर्ने वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमका लागि मार्गदर्शन प्रदान गर्नु ।

## १.२ क्षेत्र र सीमा

यो तालिम पुस्तिका यस बैंकद्वारा जारी वित्तीय साक्षरता रूपरेखा, २०२२ मा उल्लिखित लक्षित समूहका लागि यस बैंकले सञ्चालन गर्ने सबै प्रकारका वित्तीय साक्षरता सम्बन्धी तालिम, अनुशिक्षण, प्रशिक्षण, अन्तरक्रिया, गोष्ठी आदि जस्ता कार्यक्रमको मार्गदर्शनको लागि तयार गरिएको हो ।

यस पुस्तिकाले बैंकद्वारा सूचिकृत वित्तीय साक्षरता प्रशिक्षक लगायत अन्य प्रशिक्षकहरूको लागि मार्गदर्शन प्रदान गर्न सक्ने भएतापनि कार्यक्रमको स्तर, ढाँचा, समयावधि, लक्षित समूह आदिका आधारमा प्रशिक्षकले फरक शैली अपनाउनु पर्नेछ ।

यस पुस्तिकामा वित्तीय साक्षरतासम्बन्धी आधारभूत विषयवस्तुहरू मात्र समावेश गरिएको छ । लक्षित समूहअनुसार प्रयोग गर्न सकिने उदाहरण र अन्य क्रियाकलाप प्रशिक्षक स्वयंले निर्धारण गर्ने अपेक्षा गरिएको छ । साथै, वित्तीय साक्षरताका आधारभूत विषयवस्तु मात्र समेटिएकोले वित्तीय क्षेत्रका विभिन्न विषयमा उच्च तहको अध्ययन तथा विस्तृत ज्ञान र प्राविधिक विषयमा थप विशेषज्ञता हासिल गर्न आवश्यक हुने समाग्री यस पुस्तिकामा उल्लेख गरिएको छैन ।

# २. तालिम पुस्तिकाको प्रयोग

यो तालिम पुस्तिका यस बैंकबाट सञ्चालन गरिने सबै प्रकारका वित्तीय साक्षरता/डिजिटल वित्तीय साक्षरतासम्बन्धी तालिम, अनुशिक्षण, प्रशिक्षण, अन्तरक्रिया, गोष्ठी आदिमा प्रस्तुतीकरण गर्ने व्यक्तिहरूका लागि उपयोगी हुने अपेक्षा गरिएको छ । यस बैंकद्वारा सूचीकृत वित्तीय साक्षरता प्रशिक्षकलगायत अन्य सबै प्रशिक्षकले वित्तीय साक्षरता रूपरेखा, २०२२ मा उल्लिखित लक्षित समूहका लागि सञ्चालन गर्ने कार्यक्रमहरूका लागि यो पुस्तिकालाई मार्गदर्शनको रूपमा प्रयोग गर्न सक्नेछन् ।

यस तालिम पुस्तिकाको प्रयोग गर्दा प्रशिक्षकले देहायका विषय मनन् गर्नुपर्दछ :

१. सिकाईका उद्देश्य र समय विभाजन लक्षित समूह अनुसार गर्नुपर्नेछ ।

२. लक्षित वर्ग सुहाउँदो फरक फरक उदाहरण र Case को प्रयोग गर्नुपर्नेछ ।

३. यस पुस्तिकालाई मार्गदर्शनको रूपमा लिई लक्षित समूहअनुसारको प्रस्तुती तथा कक्षा सञ्चालनको शैली प्रशिक्षक स्वयंले निर्धारण गर्नुपर्नेछ ।

# ३. तालिम कार्यक्रमको रूपरेखा

## ३.१ लक्षित समूह

वित्तीय साक्षरता रूपरेखा, २०२२ मा उल्लेख भएबमोजिम वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नका लागि देहायबमोजिम लक्षित समूह पहिचान गरिएको छः

क) नियमित आम्दानी प्राप्त गर्ने (तलवी श्रमिक)

ख) नियमित आम्दानी नभएका

१. किसान,
२. लघु, साना तथा मझौला व्यवसायी,
३. दैनिक ज्याला आर्जन गर्ने श्रमिक
४. वैदेशिक रोजगारीमा जान सक्ने सम्भावित व्यक्ति

ग) आश्रित व्यक्ति

४. विद्यार्थी

घ) Cross cutting

१. महिला
२. विप्रेषण प्रापक
३. युवा

## ३.२ तालिमको स्तर र विषयवस्तु

प्रशिक्षकले लक्षित वर्ग अनुसारका कार्यक्रमको देहायबमोजिम स्तर निर्धारण गरी सोही अनुरूप सहभागीको सैद्धान्तिक तथा व्यवहारिक दुवै पक्षको ज्ञान तथा दक्षता अभिवृद्धि हुने गरी विषयवस्तु समावेश गर्नुपर्नेछः

| आधारभूत स्तर | उच्च स्तर |
|---|---|
| दैनिक जिवनमा आवश्यक सामान्य वित्तीय ज्ञान । | आधारभूत वित्तीय अवधारणाको अलावा थप ज्ञान । |
| **वित्तीय अवधारणा** | |
| १. आवश्यकता तथा चाहनाहरू<br>२. वित्तीय उद्देश्य<br>३. गुनासो व्यवस्थापन | १. वित्तीय अनुशासन<br>२. विद्युतीय वित्तीय सेवाहरू<br>३. धितोपत्र बजार सञ्चालनसम्बन्धी आधारभूत विषय |

| वित्तीय योजना तर्जुमा तथा वित्त व्यवस्थापन | | | |
|---|---|---|---|
| १. | पारिवारिक बजेट | १. | विविध बचत तथा कर्जा योजना |
| २. | बचत | २. | विश्लेषण सहितको वित्तीय निर्णय |
| ३. | कर्जा | ३. | विद्युतीय वित्तीय सेवाका विविध किसिमको उपयोग |
| ४. | वित्तीय सेवा प्रदायक संस्थाहरू | | |
| ५. | विप्रेषण | | |
| ६. | लघु उद्यम तथा व्यवसाय योजना | | |
| ७. | जोखिम व्यवस्थापन | | |
| ८. | विद्युतीय वित्तीय सेवाहरू | | |

## ३.३ तालिम कार्यक्रमको न्यूनतम मापदण्ड

वित्तीय साक्षरता वा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्दा देहायबमोजिम न्यूनतम मापदण्ड पुरा गर्नुपर्ने छ :

१. लक्षित समूहको प्रकृति अनुसार सहभागी संख्या कम्तीमा ५० जना हुनु पर्नेछ ।

२. कार्यक्रमलाई कम्तीमा दुईवटा सत्रमा सञ्चालन गर्नुपर्ने छ । पहिलो सत्रमा विषयवस्तुको प्रशिक्षण र दोस्रो सत्रमा सहभागीहरू समावेश गराई सम्बन्धित विषयमा कार्यशाला (Workshop) आयोजना गराउनु पर्नेछ । डिजिटल वित्तीय साक्षरता कार्यक्रमको हकमा पहिलो सत्रमा आधारभूत वित्तीय ज्ञान माथि छलफल गरेपश्चात डिजिटल वित्तीय ज्ञानका विषयमा प्रवेश गर्नुपर्नेछ ।

३. साक्षरता कार्यक्रम सञ्चालन गर्न छनौट भएका स्थानका बैंक वा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक संस्था, स्थानीय निकाय, कृषि ज्ञान केन्द्र, उद्योगी व्यवसायीका संघ संगठनहरूसँगको समन्वय र उपस्थितिमा गर्न सकिनेछ ।

४. साक्षरता कार्यक्रम संचालन गर्दा देहाय बमोजिमको संरचनालाई आधार मानी यस बैंकले प्रकाशन गरेका विविध सामाग्री, अनुसूची १ र २ मा उल्लिखित विषयवस्तु तथा महाशाखाले निर्धारण गरेको प्रस्तुतीकरणको खाकालाई* न्यूनतम मापदण्ड (Minimum Standard) को रूपमा लिई लक्षित समूह अनुसारको सत्र सञ्चालन गर्नुपर्नेछ ।

* प्रस्तुतीकरणको अद्यावधिक खाकाको Softcopy महाशाखाबाट उपलब्ध हुनेछ ।

### ३.३.१ वित्तीय साक्षरता कार्यक्रम

**पहिलो सत्र**

विषयः वित्तीय साक्षरता

समयः कम्तीमा १ घण्टा ४५ मिनेट

विधिः लेक्चर, सामूहिक छलफल र प्रश्नोत्तर

सामग्रीः Powerpoint, Cardboard, Flip Chart, Meta Card, Games, Quiz etc

**समेट्नु पर्ने विषय र समय विभाजनः**

| आधारभूत स्तर | | | |
|---|---|---|---|
| क्र.सं. | समेट्नु पर्ने विषय | समय | शिक्षण तरिका |
| १. | वातावरण निर्माण | ५ मिनेट | छलफल |
| | विषयवस्तुहरू | | |
| २. | वित्तीय साक्षरता किन ? | १० मिनेट | छलफल |
| ३. | **देहायका वित्तीय अवधारणका विषयमा सामान्य जानकारीः** आवश्यकता तथा चाहना, वित्तीय लक्ष्य, वित्तीय अनुशासन, विद्युतीय वित्तीय सेवा, वचत, कर्जा, विप्रेषण, लघु उद्यम तथा व्यवसाय योजना, घरायसी बजेट | ४५ मिनेट | लेक्चर |
| ४. | विभिन्न प्रकारका वित्तीय सेवा प्रदायकको परिचय, नेपाल राष्ट्र बैंकको भूमिका, नेपालमा उपलब्ध बैंकिङ सेवाको आधारभूत जानकारी, औपचारिक माध्यमबाट वित्तीय कारोबार गर्नुका फाईदा, जोखिम (वित्तीय ठगी) सम्बन्धी सामान्य जानकारी, गर्न हुने र नहुने कुराहरू | ३० मिनेट | लेक्चर |
| ५. | प्रश्नोत्तर, निष्कर्ष र समापन | १५ मिनेट | प्रश्नोत्तर तथा छलफल |

| उच्च स्तर | | | |
|---|---|---|---|
| क्र.सं. | समेट्नु पर्ने विषय | समय | शिक्षण तरिका |
| १. | वातावरण निर्माण | ५ मिनेट | छलफल |
| | **विषयवस्तुहरू** | | |
| २. | वित्तीय साक्षरता किन ? | १० मिनेट | छलफल |
| ३. | देहायका वित्तीय अवधारणका विषयमा सामान्य जानकारी: वित्तीय अनुशासन, विद्युतीय वित्तीय सेवा, धितोपत्र बजार, बचत तथा कर्जा विविधिकरणको अर्थ र औचित्य, तर्कसंगत वित्तीय निर्णय, विविध किसिमका विद्युतीय वित्तीय सेवाहरू | ४५ मिनेट | लेक्चर |
| ४ | विभिन्न प्रकारका वित्तीय सेवा प्रदायकको परिचय, नेपाल राष्ट्र बैंकको भूमिका, नेपालमा उपलब्ध बैंकिंग सेवा सम्वन्धी जानकारी, औपचारिक माध्यमबाट वित्तीय कारोवार गर्नुका फाईदा, जोखिम (वित्तीय ठगी) सम्बन्धी जानकारी, गर्न हुने र नहुने कुराहरूका सम्बन्धमा जानकारी | ३० मिनेट | लेक्चर |
| ५ | प्रश्नोत्तर, निष्कर्ष र समापन | १५ मिनेट | प्रश्नोत्तर तथा छलफल |

**दोस्रो सत्र**

विषय: वित्तीय साक्षरता कार्यशाला (वित्तीय ज्ञान, सिप, मनोबृत्ती, आचरण र व्यवहार)

समय: कम्तीमा १ घण्टा १५ मिनेट

विधि: सामुहिक छलफल, प्रस्तुती, Case study, Role play etc.

सामग्री: Powerpoint, Cardboard, Flip Chart, Meta Card, Games, Quiz etc

**समेट्नु पर्ने विषय र समय विभाजन:**

| आधारभूत स्तर/उच्च स्तर | | | |
|---|---|---|---|
| क्र.सं. | समेट्नु पर्ने विषय | समय | शिक्षण तरिका |
| १. | कार्यशालाको बारेमा जानकारी (सहभागीबाट अपेक्षा गरिएका कार्य), समुह विभाजन, आदि | ५ मिनेट | छलफल |
| २. | सहभागीका तर्फबाट कार्यशाला | २५ मिनेट | छलफल |
| ३. | प्रस्तुतीकरण | ३० मिनेट | अन्तरक्रिया |
| ४. | प्रश्नोत्तर, निष्कर्ष र समापन | १५ मिनेट | प्रश्नोत्तर तथा छलफल |

## ३.३.२ डिजिटल वित्तीय साक्षरता कार्यक्रम

**पहिलो सत्रः**

विषयः वित्तीय साक्षरता/ डिजिटल वित्तीय साक्षरता

समयः कम्तीमा १ घण्टा ५० मिनेट

विधिः लेक्चर, सामुहिक छलफल र प्रश्नोत्तर

सामग्रीः Powerpoint, Cardboard, Flip Chart, Meta Card, Games, Quiz etc

**समेट्नु पर्ने विषय र समय विभाजनः**

| भाग १ः वित्तीय साक्षरता | | भाग २ः डिजिटल वित्तीय साक्षरता | | |
|---|---|---|---|---|
| **समेट्नु पर्ने विषय** | **समय** | **समेट्नु पर्ने विषय** | **समय** | **शिक्षण तरिका** |
| वातावरण निर्माण | ५ मिनेट | डिजिटल वित्तीय साक्षरता किन ? | ५ मिनेट | छलफल |
| **विषयवस्तुहरू** | | | | |
| वित्तीय साक्षरता किन ? | ५ मिनेट | देहायका वित्तीय अवधारणका विषयमा जानकारीः User id /username; password/pin, transaction password/pin, security questions, device verification, activation code, Two factor / multi factor authentication, OTP, Biometrics, mobile wallet; mobile banking; internet banking, Utility payments, transfer, top-up; QR codes | ३५ मिनेट | छलफल/ लेक्चर |
| देहायका वित्तीय अवधारणा विषयमा सामान्य जानकारीः आवश्यकता तथा चाहना, वित्तीय लक्ष्य, वित्तीय अनुशासन, विद्युतीय वित्तीय सेवा, वचत, कर्जा, विप्रेषण, लघु उद्यम तथा व्यवसाय योजना, घरायसी बजेट, विभिन्न प्रकारका वित्तीय सेवा प्रदायकको परिचय, नेपाल राष्ट्र बैंकको भूमिका | ३० मिनेट | नेपालमा प्रयोग भईरहेका विविध डिजिटल वित्तीय सेवा र भुक्तानीका माध्यम, सेवा उपयोग सम्बन्धी जानकारी, फाईदा, जोखिम र ठगी सम्बन्धी जानकारी Crypto etc., ठगीबाट बच्ने उपायहरू एवम् सुरिक्षत कारोबार गर्ने तरीका, डिजिटल करेन्सीबारे सामान्य जानकारी, अन्य समसामयीक विषय | १५ मिनेट | लेक्चर |
| | | प्रश्नोत्तर, निष्कर्ष र समापन | १५ मिनेट | प्रश्नोत्तर तथा छलफल |

**दोस्रो सत्र**

विषयः डिजिटल वित्तीय साक्षरता कार्यशाला

(वित्तीय ज्ञान, सिप, मनोबृत्ती, आचरण र व्यवहार)

समयः कम्तीमा १ घण्टा १५ मिनेट

विधिः सामुहिक छलफल, प्रस्तुती, Case study, Role play etc

सामग्रीः Powerpoint, Cardboard, Flip Chart, Meta Card, Games, Quiz etc

**यस सत्रमा समेट्नु पर्ने विषय र समय विभाजन**

| क्र.सं | समेट्नु पर्ने विषय | समय | शिक्षण तरिका |
|---|---|---|---|
| १. | कार्यशालाको बारेमा जानकारी (सहभागीबाट अपेक्षा गरिएका कार्य), समुह विभाजन, आदि | ५ मिनेट | छलफल |
| २. | सहभागीका तर्फबाट कार्यशाला | २५ मिनेट | छलफल |
| ३. | प्रस्तुतीकरण | ३० मिनेट | अन्तरक्रिया |
| ४. | प्रश्नोत्तर, निष्कर्ष र समापन | १५ मिनेट | प्रश्नोत्तर तथा छलफल |

# ४. तालिम कार्यक्रमको तालिका निर्माण

लक्षित समूहका लागि वित्तीय साक्षरता/डिजिटल वित्तीय साक्षरतासम्बन्धी तालिम, अनुशिक्षण, प्रशिक्षण, अन्तरक्रिया, गोष्ठी आदि सञ्चालन गर्दा कार्यक्रमको स्तर, अवधि (समय सीमा), आमन्त्रित अतिथि तथा प्रमुख अतिथिको मार्यादाक्रम, स्थानीय निकायका प्रतिनिधिहरूको उपस्थिति, सहभागीको संख्या र स्तर आदिका आधारमा तालिम कार्यक्रमको तालिका निर्माण गर्नुपर्दछ ।

सामान्यतः तालिम कार्यक्रमका व्यवसायीक/प्राविधिक सत्र सुरु हुनु अगावै सहभागीको स्तरअनुसार वक्ता अतिथिहरूको मन्तब्य राखी उद्घाटन वा औपचारिक सत्र सञ्चालन गर्नुपर्दछ ।

## अनुसूची १:
## लक्षित वर्ग अनुरूप सञ्चालन गरिने वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्न सकिने तहगत विषयवस्तु

| | लक्षित वर्ग | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तलवी श्रमिक | किसान | लघु घरेलु व्यवसायी | दैनिक ज्याला आर्जन गर्ने श्रमिक | बैदेशीक रोजगारीमा जाने श्रमिक | विप्रेषण प्रापक | महिला | विद्यार्थी | युवा |
| **सैद्धान्तिक जानकारी** | | | | | | | | | |
| वित्तीय अनुशासन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| आवश्यकता तथा चाहनाहरू | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| वित्तीय लक्ष्य | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| विद्युतीय वित्तीय सेवाहरू | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| **व्यवहारिक पक्ष** | | | | | | | | | |
| वचत | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| कर्जा | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| विद्युतीय वित्तीय सेवाहरू | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| विप्रेषण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| लघु उद्यम तथा व्यवसाय योजना बनाउने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| विद्युतीय वित्तीय सेवा प्रयोग गर्दा ध्यान दिनुपर्ने विषय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| घरायसी बजेट | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| वित्तीय जोखीम व्यवस्थापन | | ✓ | ✓ | | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| तर्कसंगत वित्तीय निर्णय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

| नियामकिय परिप्रेक्ष्यका ज्ञान | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| केन्द्रिय बैंकको परिचय तथा कार्यहरू | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ग्राहक संरक्षण/गुनासो सुनुवाई | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ब्याजदर | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| औपचारिक वित्तीय कारोबार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| कोषको लागत/आधार दर/प्रिमियम दर | | | ✓ | | | | | | |
| सहुलियतपूर्ण/अनुदान कर्जाका नीतिहरू | | ✓ | ✓ | | | | | | |
| विद्युतीय वित्तीय वस्तु तथा सेवाहरू (Application ) | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| सम्पत्ति शुदिकरण र ग्राहक पहिचान | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| सफा नोट नीति र मौद्रिकीकरण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| आय आर्जनका उपायहरू | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| वित्तीय पहुँच र समावेशीता | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

## अनुसूची २ :
## लक्षित वर्ग अनुरूप सञ्चालन गरिने वित्तीय साक्षरता कार्यक्रममा समावेश विषयवस्तुले सहभागिमा विकास गर्नुपर्ने ज्ञान, सीप, मनोवृत्ति र व्यवहार परिवर्तनको सामान्य खाका

| | ज्ञान | सीप | मनोवृत्ति | व्यवहारिक परिवर्तन |
|---|---|---|---|---|
| **आधारभूत वित्तीय चेतना (सैद्धान्तिक पक्ष)** | | | | |
| आवश्यकता तथा चाहनाहरू | आवश्यकता भनेको के हो ? चाहना भनेको के हो ? | आवश्यकता र चाहनाको भिन्नता | आवश्यकता र चाहना अनुसार पालना गर्ने प्रतिवद्धता | आवश्यकता र चाहना अनुसार बचत र खर्चको प्राथमिकिकरण |
| वित्तीय लक्ष्य | लक्ष्य कसरी निर्धारण गर्ने ? लक्ष्य निर्धारण गर्न किन आवश्यक छ ? | वित्तीय लक्ष्य निर्धारण गर्ने सीप | वित्तीय लक्ष्य निर्धारण गर्ने इच्छुकता | अल्पकालिन र दीर्घकालीन लक्ष्य निर्धारण गर्ने,<br>वित्तीय लक्ष्य हाँसिल गर्न आइपर्ने अड्चनको सामनम गर्ने । |
| गुनासो व्यवस्थापन | गुनासो के हो ?<br>गुनासो सुनुवाईको दरखास्त कसरी गर्ने ? | गुनासो व्यवस्थापनको प्रकृया | गुनासो सुनुवाईको दरखास्त सम्बन्धित जिम्मेवार अधिकारी समक्ष पेश गर्ने आत्मविश्वास | गुनासो सुनुवाईका कानुनी उपाय अपनाउनु । |
| **उच्च स्तरको वित्तीय चेतना (सैद्धान्तिक पक्ष)** | | | | |
| वित्तीय अनुशासन | वित्तीय अनुशासन के हो र यो किन महत्वपूर्ण छ ? | बजेट निर्माण तथा खराब कर्जाको पहिचान | खर्चको योजना अनुसार चल्ने अनुशासन,<br>वित्तीय लक्ष्य हाँसिल गर्ने प्रतिवद्धता | वित्तीय आत्मनिर्भरता,<br>वित्तीय बजेटको सही कार्यान्वयन |

| | ज्ञान | सीप | मनोवृत्ति | व्यवहारिक परिवर्तन |
|---|---|---|---|---|
| विद्युतीय वित्तीय सेवाहरू | विद्युतीय वित्तीय सेवाका विभिन्न उपकरणहरू (डेविट कार्ड, मोबाइल वालेट, क्रेडिट कार्ड) | वित्तीय सेवाको प्रयोग गर्ने सीप | वित्तीय सेवाको प्रयोग गर्ने इच्छुकता | नगद रहीत कारोबार, विद्युतीय उपकरणको प्रयोग |
| धितोपत्र बजार | धितोपत्र बजार संचालन सम्बन्धी जानकारी | प्राथमिक तथा दोश्रो बजारको जोखिम तथा आम्दानी | धितोपत्र लगानीमा विशवास | धितोपत्र बजारमा लगानी |
| **योजना तथा व्यवस्थापन : आधारभूत वित्तीय चेतना (व्यवहारिक पक्ष)** | | | | |
| पारिवारिक बजेट | बजेट निर्माणका फाइदा,<br>नगद प्रवाहको पहिचानको महत्व,<br>खर्च योजनाका फाइदा | वित्तीय डायरी भर्ने,<br>बजेट निर्माण गर्ने,<br>खर्च योजना बनाउने | बजेट पालना गर्ने प्रतिवद्धता,<br>नगद व्यवस्थापनमा आत्मविश्वास,<br>भावि योजना बनाउन इच्छुकता | पारिवकरिक आम्दानी, खर्च र बचत सम्बन्धी योजना तथा बजेट,<br>वित्तीय डायरी भर्ने बानी |
| बचत | बचतको उद्धेश्य<br>बचतका विभिन्न उपाय,<br>बचत योजनाका प्रमुख पक्षहरू | बचत खाता,<br>बचत खाता खोल्ने प्रकृया | बचतमा विश्वास,<br>नियमित बचत गर्ने अनुशासन | बचत गर्ने बानी,<br>बैंकमा बचत<br>ब्याजको हिसाब |
| कर्जा | कर्जा तथा कर्जाका फाइदा र बेफाइदा,<br>कर्जा लिने वैकल्पिक श्रोत,<br>कर्जा व्यवस्थापनका नीतिहरू | कर्जाका प्रकार,<br>कर्जा निवेदन,<br>ब्याजदरको हिसाब | उपयुक्त नभएका कर्जा सर्तहरू अस्वीकृत गर्ने,<br>कर्जा योजना पालना गर्ने अनुशासन | बैकिङ क्षेत्रमा कर्जाको विस्तार,<br>उपयुक्त कर्जा छनौट |
| वित्तीय सेवा प्रदायक | विभिन्न वित्तीय सेवा प्रदायक संस्थाहरूको जानकारी | समुदायका र कमर्सियल वित्तीय सेवा प्रदायक संस्थाहरूमा फरक | उपयुक्त वित्तीय सेवा प्रदायक छनौटमा आत्मविश्वास | नेपालमा विद्यमान विभिन्न वित्तीय सेवा प्रदायक संस्थाहरू र तीनका सेवाको उपयोग |

| | ज्ञान | सीप | मनोवृत्ति | व्यवहारिक परिवर्तन |
|---|---|---|---|---|
| विप्रेषण | विदेशबाट पठाएको पैसा प्राप्त गर्ने र पठाउने तरिका | विप्रेषण सम्बन्धी फारम भर्ने उत्पादनमुलक र अनुत्पादनमुलक खर्चको भिन्नता | विप्रेषणको उत्पादनमुलक क्षेत्रमा उपयोग | औपचारिक वित्तीय प्रणालीबाट विप्रेषण प्राप्त गर्ने |
| लघु उद्यम तथा व्यवसाय योजना | व्यवसायिक योजनाका सिद्धान्त,<br>योजना निर्माणका चरण,<br>व्यवसायिक योजनाको प्रयोग | व्यवसायका कानुनी आवश्यकता, वित्तीय आवश्यकतामा बैकको भूमिका,<br>अल्पकालीन वित्तीय व्यवस्थापन | व्यवसायिक योजना तयार गर्ने र पालना गर्ने आत्मविश्वास | लघु उद्यमका लागि व्यवसायिक योजनाको निर्माण |
| जोखिम व्यवस्थापन | वित्तीय जोखिमका विविध पक्ष | विभिन्न प्रकारका जोखिम | जोखिम व्यवस्थापनमा आत्मविश्वास,<br>जोखिम व्यवस्थापन योजना तयार गर्ने दक्षता | दीर्घकालीन बचत, जाखिम न्यूनीकरणका उपाय,<br>बीमा योजना |
| विद्युतीय वित्तीय सेवाहरू | विद्युतीय वित्तीय सेवा संचालनका संयन्त्र | विद्युतीय वित्तीय उपकरणको उपयोग | विद्युतीय वित्तीय उपकरणको उपयोग गर्ने इच्छुकता | नगद रहीत कारोबार<br>विद्युतीय उपकरणको प्रयोग |
| **योजना तथा व्यवस्थापन : उच्च स्तरको वित्तीय चेतना (व्यवहारिक पक्ष)** | | | | |
| डाइभर्सिफाइड बचत तथा कर्जा | बचत तथा कर्जा विविधिकरणको अर्थ र औचित्य | भैपरि आउने योजना सहितको बचत तथा कर्जा योजना,<br>कम्पाउण्ड ब्याजदर | बैकिङ प्रणालीमा विश्वास | दीर्घकालीन वित्तीय योजना<br>कर्जा सुविधाको विविधिकरण<br>न्यून खराब कर्जा |

| | ज्ञान | सीप | मनोवृत्ति | व्यवहारिक परिवर्तन |
|---|---|---|---|---|
| तर्कसंगत वित्तीय निर्णयहरू | विभिन्न किसिमका वित्तीय निर्णयहरू<br>वित्तीय निर्णय गर्दा विचार गर्नुपर्ने पक्षहरू,<br>समयानुसार पैसाको महत्व सम्बन्धी जानकारी | समयानुसार पैसाको महत्व,<br>दीर्घकालीन बजेट तथा लगानी,<br>बैंक कर्जाका लागि व्यवसायिक प्रस्ताव निर्माण | विभिन्न किसिमका वित्तीय निर्णयहरू गर्ने आत्मविश्वास | तर्कसंगत वित्तीय निर्णयहरू |
| विद्युतीय वित्तीय सेवाका विविधताहरू | विद्युतीय वित्तीय सेवाका क्षेत्रहरू | विविध कारोबारका लागि विद्युतीय वित्तीय सेवाको उपयोग | विद्युतीय वित्तीय कारोबार गर्ने इच्छुकता | सबै वित्तीय सेवाका लागि विद्युतीय माध्यम |

***